## ५. कम्पनीबाट प्रशोघन तथा उत्पादन हुने वस्तुहरु

### क. विभिन्न जडिवुटीको प्रशोधन एंव वस्तुहरुको उत्पादन गर्ने ।

- हाल जडिवुटी खास गरेर लेमन ग्रास, मेन्था र किमोमाईल आदिवाट सुगन्धित तेल उत्पादन/प्रशोधन गर्ने । साथै संभव्यता तथा बजारको मागको आधारमा टिमुर, तेजपात, अदुवा आदिबाट पनि सुगन्धित तेल/उपभोग्य वस्तु उत्पादन गर्ने । यसको अतिरिक्त आर्थिक लाभ तथा बजारको संभाव्यतालाई मध्यनजर गरी यस्ता उत्पादनवाट मूल्य अभिवृद्धि पदार्थ (Value Added Product) हरु उत्पादन गर्ने ।

### ख. कृषि जन्य प्रशोधित खाद्य वस्तुहरु उत्पादन गर्ने ।



- गोलभेंडावाट केटचप, सस र प्यूरी बनाउने । साथै उपयुक्त जातका गोलभेंडाहरु खास गरेर हाईब्रीड जातका गोलभेंडाहरुको विउ उत्पादन गर्ने ।



- अदुवाबाट क्यान्डी, पाउडर, टनीक, पेष्ट लगायत अन्य उपयुक्त प्रशोधित खाद्य पदार्थहरु बनाउने ।
- फाफरबाट परीक्षणको रुपमा पीठो तथा नूडल्स बनाउने ।



- लसुनको पेष्ट बनाउने ।

## ६. बजार व्यवस्था

कम्पनीबाट प्रशोधन भएका वस्तुहरुलाई सुरुको अवस्थामा आन्तरीक बजारलाई विशेष ध्यानमा राखि देश भित्रका खास गरी काठमाडौं/पोखरा/नारायणगढ/बुटवल/विराटनगर जस्ता शहरी क्षेत्रका डिपार्टमेन्ट स्टोर, सपिङ्ग सेन्टर, तारे होटेल, रेस्टुरेन्ट जस्ता संस्थागत उपभोक्तालाई व्यवसायिक शहरहरुलाई लक्षित गरी आपूर्ति गरिने छ । त्यसै गरी प्रशोधित वस्तुको परिमाण, गुणस्तर र उत्पादन लागतलाई दृष्टिगत गर्दै छिमेकी लगायत तेस्रो मुलुकका विभिन्न प्रतिस्पर्धी बजारमा विस्तार गर्दै लगिने छ ।

## ७. कार्य क्षेत्र एवं विधि

- आन्तरीक एवं वाह्य बजारको माग अनुसार कम्पनीले पहिलो चरणमा रुपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँची, दाङ्ग, सल्यान, प्यूठान जिल्लाका सम्भाव्य पकेट क्षेत्रहरुमा कृषक समूह/सहकारी मार्फत लेमन ग्रास, मेन्था, किमोमाईल, अदुवा, लसुन, गोलभेंडा, फाफर, जस्ता वस्तुहरुबाट गुणस्तरिय प्रशोधित पदार्थ उत्पदान तथा संकलन गरी कम्पनीको आफ्नो चिन्ह (Logo) सहित नियमित रुपमा आपूर्ति गर्ने रहेको छ । आगामी वर्षहरुमा कम्पनीले यस्ता वस्तुहरु लगायत प्राङ्गारीक उत्पदान, तेजपात, टीमुर जस्ता वस्तुहरु समेत समेटी आफ्नो कार्य क्षेत्र विस्तार गर्दै लग्ने छ ।
- साथै कम्पनीले रुपन्देही जिल्ला स्थित शाखा कार्यालयबाट प्राप्त अनुभव-ज्ञानलाई हृदयगम गर्दै पूर्वाञ्चल, मध्यमाञ्चल, मध्य तथा सुदुर पश्चिमाञ्चलका सम्भाव्य जिल्लाहरुमा कम्पनीको व्यवसाय क्रमश: विस्तार गर्दै लगिने सोच राखेको छ ।





र. नं. ६२८९४/०६५/६६

# हिमालयन एग्री-विजनेस एण्ड रिसर्च सर्भिस प्रा. लि.

## (Himalayan Agri-Business & Research Service Pvt. Ltd.)

स्थापना २०६६ जेष्ठ ७ गते
(Established 21 May 2009)







**केन्द्रीय कार्यालय**

**बत्तिसपुतली काठमाडौं,**

**पो. व.नं. ४८२७, फोन: ०१-४४८२७१४**

E-mail: hars2066@gmail.com

Website: www.himalayanagribusiness.com

**उद्योग रहेको स्थान**

हाटी फर्साटिकर गा.वि.स. वडा नं. ४ हाटी फर्साटीकर, रुपन्देही
(भैरहवा-ठुटेपिपल देखि ४ कि.मि. पूर्व)
सम्पर्क नं. ९८०३०८९०७६

## १. परिचय

हिमालयन एग्री-विजनेस एण्ड रिसर्च सर्भिस प्रा. लि. (Himalayan Agri-Business & Research Service Pvt. Ltd.) कम्पनी ऐन २०६३ अन्तर्गत प्राइभेट कम्पनीको रुपमा २०६५ साल जेष्ठ ७ गते स्थापना भएको हो। यसको केन्द्रीय कार्यालय काठमाडौंमा र शाखा कार्यालय/उद्योग केन्द्र रुपन्देही जिल्लाको सिद्धार्थनगर, भैरहवा नजिक हाटी फर्साटिकर गा.वि.स. वडा नं.४ मा रहेको छ। यस कम्पनीको उद्देश्य अनुरुप आन्तरिक एवं वाह्रय बजारको माग तथा सम्भाव्यताको आधारमा उपलब्ध जडीवुटी प्रशोधन गरी सुगन्धित तेल एवं जडीवुटी जन्य बढी उपयोगी वस्तुहरु उत्पादन गर्ने तथा कृषि जन्य बस्तु ( जस्तै गोलभेंडा, लसुन, अदुवा र फाफर आदि) को प्रशोधन गरी विभिन्न खाद्य वस्तुहरु उत्पादन गर्ने कार्यक्रम रहेको छ। यस्ता उत्पादित वस्तुको आन्तरिक एवं वाह्रय बजारको माग एवं प्रतिस्पर्धालाई ध्यानमा राखि उच्च गुणस्तरका वस्तुहरु प्रशोधन (Value add) गरी ट्रेडमार्क (Trade Mark) सहित नियमित रुपले बजारमा आपूर्ति गरिने छ। साथै बजारको मागलाई दृष्टिगत गरी विभिन्न वस्तुहरुको उत्पादनमा विविधीकरण गर्दै लगिने छ। खास गरेर जडीवुटी प्रशोधनबाट उत्पादित सुगन्धित तेललाई मूल्य अभिवृद्धि हुने खालका अन्य वस्तुहरुमा रुपान्तर गरी बजारमा विक्रि गर्ने समेत सोच गरिएको छ। यसको अतिरिक्त बजारको सम्भाव्यता एवं आर्थिक लाभलाई दृष्टिगत गरी कम्पनीको उद्देश्य अनुरुप अन्य कृषि जन्य वस्तुहरु समेट्दै लगिने कार्यक्रम रहेको छ।

## २. कम्पनीको उद्देश्य

- भौगोलिक सम्भाव्यता एवं तुलनात्मक लाभको आधारमा विभिन्न किसिमका जडीवुटी, प्राङ्गारिक उत्पादन, उच्च मूल्य एवं निर्यात योग्य कृषि जन्य वस्तुहरु व्यवसायिक रुपमा उत्पादन गरी/गराई प्रशोधन (Value Add) गर्ने।
- कृषि एवं जडीवुटी जन्य वस्तुहरु आन्तरिक एवं वाह्य बजारको माग अनुसार ग्रेडीङ्ग, प्याकेजिङ्ग एवं प्रशोधन गरी नियमित रुपमा आपूर्ति गर्ने/गराउने।
- कतिपय वस्तुहरुको उपभोग पश्चातको उपयोगी शेष वस्तु (Residual Material) बाट नयाँ वस्तु विकासका लागि आवश्यक अनुसन्धान, परामर्श सेवा एवं प्रविधि उपलब्ध गराउने।
- यस्ता वस्तुहरुको उत्पादन एवं बजार प्रवर्द्धन कार्यमा सघाउ पुऱ्याउनका लागि आफै वा सरकारी-निजि क्षेत्रको साझेदारी (Public Private Partnership) को अवधारणा अनुरुप संयुक्त लगानीमा प्रशोधन उद्योग, संकलन केन्द्र, विभिन्न किसिमका बजार स्थल, शित भण्डार, पशुवधशाला जस्ता पूर्वाधारको स्थापना एवं संचालन गर्ने/गराउने।
- कृषिजन्य वस्तुहरु एवं जडीवुटी पैदायसको गुणस्तरमा एक रुपता ल्याउन यस्ता वस्तुहरुको उत्पादनमा ट्रेडमार्क लगाउनुको साथै गुणस्तर निर्धारण गरी बिक्री वितरण गर्ने/गराउने।



- खाद्यान्न तथा खाद्य वस्तुहरुको विश्लेषण-प्रयोगशाला स्थापना गरी उपभोक्ताहरुलाई सुरक्षित तथा गुणस्तरीय खाद्यान्न तथा खाद्य वस्तुहरुको उपलब्ध गर्ने गराउने साथै यस्ता वस्तुहरुको गुणस्तर परीक्षण सेवा उपलब्ध गराउने।
- कृषि व्यवसायमा संलग्न रहेको राष्ट्रिय/अन्तराष्ट्रिय संघ संस्थाहरु सँग भएका प्रविधिहरु आदान प्रदान एवं सहकार्य गर्ने/गराउने।

## ३. कम्पनीको पूँजी व्यवस्था

- कम्पनीको अधिकृत पूँजी रु. ५,००,००,०००/( (पाँच करोड) रहेको छ। सो पूँजीलाई प्रति शेयर रु. १०० दरका ५,००,०००/- (पाँच लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
- कम्पनीका जारी पूँजी रु. ३,००,००,०००/- (तीन करोड) रहेको छ।
- कम्पनीको संचालक समितिको सदस्य हुन कम्तिमा १००० (एक हजार) थान शेयर लिएको हुनु पर्ने छ।

## ४. संचालन विधि

- संचालक समितिको गठन
  यस कम्पनीमा अध्यक्ष सहित ५ जनाको संचालक समिति रहेको छ र संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ।
- कम्पनीको दैनिक कार्य संचालनका लागि मुख्य कार्यालय काठमाडौं र शाखा कार्यालय रुपन्देही जिल्लामा रहेको छ। आवश्यकता अनुसार अन्य स्थानमा पनि कार्यालय खोली कम्पनीको व्यवसाय बिस्तार गरिने छ।